**आ.व. २०८२/०८३ का लागि माइजोगमाई गाउँपालिकाको अठारौ गाउँभसा अधिवेशनमा गाउँपालिका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक प्रविना राईले पेश गर्नु भएको**

# बजेट भाषण

## २०८२/०३/१०

**माइजोगमाईगाउँपालिका**
**कोशी प्रदेश नयाँबजार, ईलाम**

**सभाध्यक्ष ज्यू,**

यस गाउँपालिकाको **बजेट तथा कार्यक्रम तर्जुमा** समितिको संयोजकको हैसियतले आ.व. २०८२/०८३ को आय व्यय विवरण (बजेट) प्रस्तुत गर्न चाहान्छु ।

१. यस अवसरमा म राष्ट्रिय स्वाधिनताको रक्षा र संघीय गणतन्त्र निर्माणसम्म आउँदा राष्ट्रको लागि बलिदान दिनुहुने सबै महान् शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

२. **समृद्ध गाउँपालिका र सुखी जनता**को अभियान पूरा गर्नका लागि अहोरात्र खटिने सबै राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधि एवम् सबै माइजोगमाइवासी नागरिकप्रति आभार व्यक्त गर्दछु ।

३. संविधानको मुख्य मर्म अनुसार वित्तीय संघीयताअन्तर्गत आन्तरिक श्रोत सङ्कलन र परिचालन हो तर सङ्कलित राजश्वको अवस्था हेर्दा न्यून रुपमा आन्तरिक आय सङ्कलन भएको देखिन्छ । नागरिकहरुले तिरेको करबाट नै सबल र सक्षम स्थानीय तह निर्माण हुने हो । अतः सम्पूर्ण माइजोगमाईवासी नागरिकहरुमा तोकिएको समयमा आफूले तिर्नु पर्ने करहरु समयमा नै तिरिदिनु हुन सादर अनुरोध गर्दछु । यहाँहरुले तिरेको करको सही र समुचित सदुपयोग गरि माइजोगमाई गाउँपालिकालाई समृद्ध बनाउने कार्यमा सदैब लाग्न हामी प्रतिवद्ध छौँ।

४. माइजोगमाइ गाउँपालिकाको सम्पूर्ण विकासको लागि **समृद्ध गाउँपालिका र सुखी जनता** भन्ने मूल नाराअनुसार आवधिक योजना अद्यावधिक गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्नु हाम्रो कर्तव्य हो । नागरिकहरुको विकासप्रतिको सकारात्मक सोच र चाहना, स्थानीय आवश्यकता पहिचान,सामाजिक,आर्थिक र विकासात्मक गतिविधिलाई नागरिकमैत्री बनाउनु पर्ने आवश्यकताअनुरुप संघीय सरकार र प्रदेश सरकारबाट सन्चालन हुने कार्यक्रमलाई एकरुपता दिने प्रयास गरिएको छ।

५. यस अवधिमा प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त हुने बजेट र स्थानीय आयबाट प्राप्त हुने बजेटको संयोजन गरेका छौँ । स्थानीय माग र आवश्यकता धेरै छन् र सबै

क्षेत्रलाई समेटेर बजेट निर्माण गरी सम्बोधन गर्नु चुनौतीपूर्ण अवस्था हो। तथापि उपलब्ध श्रोत र साधनको समुचित बाँडफाँडको लागि विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको माध्यमबाट आर्थिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्रमा श्रोत र साधनलाई केन्द्रित गरिएको छ।

**सभाध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८१/०८२ मा घोषित **नीति तथा कार्यक्रम**बाट प्राप्त भएको मुख्य–मुख्य उपलब्धिलाई संक्षेपमा राख्न चाहन्छु।

- फाईबर खरिद गरी सम्पूर्ण वडाहरुमा जडान गरी 3 Layer Networking मार्फत सेवा प्रवाह गरीएको।
- वडा कार्यालयहरुलाई पूर्ण रुपमा सिसिटिभिको निगरानी गरीएको
- सूचना प्रविधि क्षेत्रमा उल्लेखनिय फड्को मार्दै आइपी फोन/सिसि टिभिलगायत प्रविधि जडान गरीएको
- विद्यालयलाई शुसासन युक्त बनाउन १० वटा विद्यालयहरुमा ई-हाजिरी जडान गरीएको
- लक्षित वर्ग अन्तर्गत आदिवासि जनजाति/ महिला समन्वय समिति/ दलित समन्वय समिति/ अपाङ्ग समन्वय समिति/ जेष्ठ नागरीक तथा युवाहरुको समिति बनाई कार्यक्रमहरु संचालन गरीएको।
- कार्यालयमा सूत्र/राजश्व मोडुल सूत्र/ सिफारीस/ इ-हाजिरी/ दर्ता चलानी/ योजना/पाम्स/कर संकलन प्रणाली/ संघ संस्था दर्ता/ जिन्सी व्यवस्थापन प्रणाली लगायत १० वटा बढि सरकारी तथा गैर सरकारी सफ्टवेयर संचालन गरी कार्यालय संचालन प्रविधियुक्त नाईएको।

- आयोजनाहरु संचालन गर्ने क्रममा ७ वटा ठूला आयोजनाहरु विद्युतिय ठेक्का आव्हान गरी काम संचालन भइरहेको र बाँकी आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भई भुक्तानीको प्रकृया भईरहेको ।
- बालविकास सहजकर्ताहरुको तलब मासिक रुपमा १६,०००/- पुर्याई नियमित रुपमा प्रदान गरिएको ।
- अध्यक्ष-उपाध्यक्षसँग विद्यार्थी अन्तरकृया कार्यक्रम मार्फत बालमनोविज्ञान बुझी ,देखिएका समस्याहरु समाधान गरिएको ।
- विद्यार्थीहरुको अतिरिक्त क्षमता प्रष्फुटनका लागि विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको ।(उद्घोषण, चित्रकला, नृत्य)
- विद्यालयको भौतिक मर्मत सुधारमा नियमित रुपमा बजेट विनियोजन गरिएको ।
- सामुहिक सुपरीवेक्षण कार्यक्रम मार्फत शिक्षकको पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिएको ।
- विद्यार्थीहरुको पठनपाठन सुधार गर्नका लागि गृहकार्य डायरीको व्यवस्थापन गरिएको ।
- विद्यार्थीहरुको खेल कौशलता वृद्दि गर्नका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि आवश्यक प्रवन्ध गरिएको । (२०८१ सालको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा माईजोगमाई गा.पा को मार्चपास र पालिकास्तरीय छनौट खेलको व्यवस्थापन उत्कृष्ट भई उपाधि पाएको । )
- विद्यालयहरुमा खेल सामग्रीको व्यवस्थापन गरिएको ।
- लैङ्गिक हिंसा निवारण सम्बन्धी १६ दिने अभियान संचालन गरी समाजमा घट्ने हिंसाहरुलाई अन्त्य गर्न प्रभावफेरी कार्यक्रम संचालन गरेको ।
- उपाध्यक्ष सँग युवा उद्यामी कार्यक्रम संचालन गरी वडाका उद्यामीलाई तालिममा सहभागी गराई बस्तुगत सहायता सामाग्री हस्तणतरणको लागि सुचना प्रकाशन गरेको ।

- माईजोगमाई गाउँपालिकाका अपाङ्गता भएका ब्यक्तिहरुलाई शौक्षिक सामाग्री बितरण गरेको ।
- आर्थिक अवस्था न्यून भएका अपाङ्गता भएका ब्यक्तिहरुलाई उपचारमा लगि अप्रेशन सम्ममका कामहरु गरेको ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी संचालन गरी माईजोगमाई गाउँपालिका वडा नं ३ र ४ लाई बालमैत्री स्थानीय वडा घोषणा गर्न अन्तिम चरणमा पुर्याइएको ।
- माईजोगमाई गाउँपालिका भित्र रहेका सामुदायिक बिद्यालयहरुमा बाल क्लव गठन र पालिका स्तरिय बाल क्लव समेत गठन गरेको ।
- जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण अन्तरगत फाईबरको सिरक बितरण अन्तिम चरणमा पुर्याइएको ।
  लैगीक तथा सामाजिक समाबेशीकरण अन्तरगतका महिला , आदिवासी जनजाति , युवा , दलित , अपाङगता तथा लक्षित समुहका कार्यक्रमहरु सम्पन्न गरेको ।
- माईजोगमाई गाउँपालिका अन्तरगतका मष्तिष्क पक्षघातका बालबालिकाहरुलाई आवश्यक पर्ने बिशेष कुर्सी मापन कार्य गरिएको ।
- माईजोगमाई गाउँपालिका भित्र रहेका अपाङ्गता भएका ब्यक्तिहरुलाई मेडिकल अधिकृत सहितको टोलि गई अपाङ्गता परिचय पत्र घरैमा गएर बितरण गरेको ।
- माईजोगमाईमा रहेको कला साहित्य संरक्षणमा साहित्यिक कार्यक्रम सम्पन्न गरेको ।
- माईजोगमाई गाउँपालिका भित्र रहेका अपाङ्गता भएका ब्यक्तिहरुलाई पोषण सामाग्री घर-घरमा गएर वितरण गरेको ।
- माईजोगमाई गाउँपालिका भित्रका कुपोषित बालबालिकाहरुलाई प्रोषण पुनर्स्थापना केन्द्रमा प्रेषण गरिएको तथा घरदैलोमा गई पोषण सामाग्री समेत वितरण गरेको ।
- माईजोगमाई गाउँपालिका वडा नं ३ मा नौमति बाजा तथा संस्कृति संरक्षण सम्बन्धी तालिम सम्पन्न गरेको ।
- माईजोगमाई गाउँपालिका भित्रका २६६४ जना लाभग्राहीहरुलाई EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको ।

- गाउँपालिका भित्रका नागरिकहरुको ३५ दिनको निशुल्क र ३५ दिन माथिको आर्थिक ऐन बमोजिको शुल्कका साथ घटना दर्ताहरु अनलाईन मार्फत गरिएको।
- सामाजिक सुरक्षालाई ब्यवस्थित गर्न बायोमेट्रिक सिस्टम संचालन गरेको।
- सामाजिक सुरक्षा प्रणालीलाई थप मजबुत बनाउन VPN सिस्टम संचालन गरेको।
- माईजोगमाई आधारभूत अस्पतालबाट सेवा दिदै आएको र निर्माणधिन १५ शैयाको अस्पताल भवनको २ तल्ला Slab ढलान भई ५०प्रतिशत भन्दा बडि भौतिक प्रगति भएको छ।
- माईजोगमाई गाउँपालिकाको केन्द्रबाट वडा कार्यालय जाने सडकहरु स्तरोन्नति भई बाह्रै महिना सवारी साधन चल्ने भएको छ।
- माईजोगमाई गाउँपालिका ४ न.वडा हात्तिटार देखि घुमाउने हुदै माङचोक प्रेमेजुङ जोगमाई खोलासम्म सडकमा ग्रावल विच्छाई स्तरोन्नति गरिएको छ।
- माईजोगमाई गाउँपालिका केन्द्र नयाँबजारबाट इलाम बजार जाने सडक सञ्जाल र फिक्कल बजार जाने सडक सञ्जाल स्तरोन्नति भई बाह्रै महिना सवारी साधन चल्ने भएको छ।
- खानेपानीको व्यवस्थापन सबै वडाको घरधुरीमा स्वाच्छ खानेपानीको व्यवस्थापन भएकोछ भने समय सापेक्षा खानेपानीलाई व्यवस्थित गर्दै लगिने छ।
- सबै वडाहरुमा सतह सिंचाईको व्यवस्थापन प्रयाप्त मात्रमा गरिएको छ भने आवाश्यकताको आधारमा बजेटको व्यवस्था गरि समय सपेक्षा व्यवस्थित गर्दै लगिने छ।
- यस गाउँपालिकाको नदि नियन्त्रण गर्न तथबन्धनको लागि बजेटको व्यवस्थापन गरि माईबेनि मन्दिर छेउ माईखोला नियन्त्रण,सोयाङ विस हाते आसपास माईखोला नियन्त्रण,सोमबारे बेसि संरक्षण गर्न माईखोला नियन्त्रण,रुलुक पक्की पुल आसपास माईखोला नियन्त्रण साथै पहिरो जाने जोखिम भू- भागहरुमा समेत संरक्षण गर्ने काम गरिने छ।

- घरधुरी सर्वेक्षण बाट full immunization पाएका ९६६ जना बालबालिकाको खोजि गरी पूर्ण खोप पालिका घोषणा गरीएको छ।
- आधारभुत अस्पतालमा lab service लाई सुरुवात गरीएको छ।
- क्षयरोग screening camp संचालन गरिएको।
- VIA सेवा मार्फत ३०१ जनाको screening
- आयुर्वेधिक health cap सन्चालनयाट २०० जनालाई सेवा दिईएको
- post-natal care service मार्फत ११३ जनालाई जेवा दिईएको
- ३ जनालाई अस्पताल मार्फश प्रसुती सेवा दिईएको
- online recording & reporting
- नियमित OPD र emergency सेवा सञ्चालन
- X-Ray सेवा सञ्चालन
- स्वास्थ्य शिविर सञ्चालन मार्फत ECG & ECHO service,जनरल फिजिसियन सेवा, स्त्री रोग बिशेषज्ञ सेवा, औषधी वितरण सेवा प्रदान गरीएको।
- कृषि यान्त्रीकरण प्रवर्दन कार्यक्रम अन्तरगत ७५% अनुदानमा २३ वटा हाते ट्र्याकटर तथा १८ वटा चिया टिप्ने मेशिन वितरण गरिएको।
- वडास्तर माटो परिक्षण शिविर मार्फत २२८ वटा माटोको नमुना जाच गरीनुको साथै बाली उपचार शिविर अन्तरगत फौजी किरा लगायत अन्य रोग किराको विषादी वितरनको साथै कृषकहरुलाई आवश्यक सल्लाह सुझाव दिएको।
- किवि थाक्रा व्यवस्थापन कार्यक्रम अन्तरगत १० कृषकहरुको किवी बगैचामा थाक्रा व्यवस्थापन गरिएको।
- स्थलगत रुपमा नै गई किवी खेतीको तालिम दिएको।

- कृषि मेला महोत्सव कार्यक्रम अन्तर्गत माईजोगमाई -०४ माईबेनिमा विभिन्न ६ विधामा २४ जना कृषकलाई पुरस्कृत गरिएको ।
- कफी खेति सम्बन्धी , प्राङ्गारिक मल,जैविक बानस्पतिक विषादी विस्तार सम्बन्धी तथा मौरीपालन सम्बन्धी तालिमहरु दिई आवश्यक प्रविधिहरु समेत कृषकमाझ हस्तान्तरण गरिएको ।
- गोठ सुधार कार्यक्रम अन्तर्गत १६ जना किसानहरु छनौट गरी १६ आधुनिक सुधारिएको गोठ निर्माण कार्य सम्पन्न भएको
- पशुपालन सम्बद्ध यान्त्रीकरण कार्यक्रम अन्तर्गत ५८ जना किसानहरुलाई मोटर सहितको च्यापकटर वितरण गरिएको ।
- पशुपन्छीमा कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत १२८० गाई भैँसीमा कृत्रिम गर्भाधान गरिएको ।
- घुम्ती पशु स्वास्थ्य शिविर अन्तर्गत ६ वटै वडामा कार्यक्रम संचालन गरी जम्मा ७२७१ पशुपन्छीहरुलाई औषधि वितरण गरिएको साथै शिविर कार्यक्रमा १८० कुकुरहरुमा रेविज विरुद्ध भ्याक्सिन खोप लगाईयो
- पशुपन्छीको लागि आवश्यक औषधि खरिद निःशुल्क वितरण अन्तर्गत ८४५ पशुपन्छिलाई वितरण गरिएको ।

- निजिपाराभेटहरुलाई लागत साझेदारीमा सामाग्री वितरण गरिएको । उक्त कार्यक्रम अन्तर्गत ९ जना निजीपाराभेट/भ्याक्सिनेटरहरुलाई सामाग्री वितरण गरिएको ।
- खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पहिलो चरणमा १०७८१ गाईभैँसीमा खोरेत विरुद्धको खोप भ्याक्सिन संचालन गरिएको ।
- खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत सिरम नमुना संकलन २ पटक गरेर जम्मा ४४० गाईभैसीको रगत संकलन गरी पशु अन्भेषण प्रयोगशाखा विराटनगर पठाउने कार्य सम्पन्न गरिएको
- खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत दोस्रो चरणको खोप संचालनमा रहेको
- तेस्रो चरणको गाईभैसीको रगत नमुना संकलन कार्य अन्तर्गत २२० पशुबाट नमुना संकलन गरी प्रयोगशाला विराटनगर पठाउने कार्य सम्पन्न भएको ।

**सभाध्यक्ष ज्यू,**

आगामी आ.ब. २०८२/०८३ का लागि नीति तथा कार्यक्रमले तय गरेका कार्यक्रमहरुलाई पूरा गर्नका लागि बजेट बिवरण प्रस्तुत गर्न चाहन्छु-

**सभाध्यक्ष ज्यू**

आगामी आ. व. २०८२/०८३ को नीति,कार्यक्रम तथा बजेटको सोच,लक्ष्य र प्राथमिकता तथा वार्षिक बजेट तयार गर्दा अपनाइएका आधारहरूको बारेमा उल्लेख गर्न चाहन्छु :

१. सोचः“समृद्ध गाउँपालिका र सुखीजनता”

२. **लक्ष्यः** नेपालको संविधान र स्थानीय सरकार सन्चालन ऐनको मर्मअनुरूप स्थानीय नागरिकलाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई नागरिकले शासन गरेको अनुभूतहुने गरि सेवा प्रवाहमा गुणात्मक सुधार गरि **नमूना गाउँपालिका** बनाउने ।

३. **उद्बेश्य तथा प्राथमिकताः**

(क) दिगो विकासका लक्ष्य हासिल गर्न सामाजिक आर्थिक पूर्वाधारका कार्यक्रममा लगानी गर्ने,

(ख) विकासका सबै पक्षधरसँगको समन्वयात्मक सहकार्यबाट **समृद्ध गाउँपालिका** र **सुखी जनता**को मूल नारालाई साकार पार्न सहकार्य गर्ने,

(ग) स्थानीय सरकारको रूपमा स्थापित गर्न नागरिकलाई प्रदानगरिने सबै प्रकारका सेवाहरूविना झन्झट सहज र सरल रूपमाप्रवाह गर्नेव्यवस्थामिलाउने,

(घ) सुशासनका सबै मापदण्डहरूलाई पालनागर्दै सबै भन्दा नजिकको स्थानीय सरकारको रूपमा रहेको अनुभूती दिलाउने।

**बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छुः**

(क) कृषी क्षेत्रको विकास मार्फत् उत्पादनशील रोजगारी सृजना गर्नका लागि संघ, प्रदेश, निजी क्षेत्र, गैर सरकारी क्षेत्र र सहकारी क्षेत्रसँगको साझेदारीमा जोड दिने ।

(ख) सबै प्रकारका विभेद अन्त्य, असमानता न्यूनीकरण र सामाजिक न्यायका मान्य सिद्धान्तका आधारमा विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच वृद्धि गर्ने ।

(ग) लैङ्गिक, अल्पसङ्ख्यकहरूलाई स्वरोजगार बनाउनका लागि उनीहरूको सीप तथा दक्षतामा अभिवृद्धि गर्ने ।

(घ) गाउँपालिकाको सेवाप्रवाहलाई आधुनिक प्रविधि मैत्रीबनाई सेवाप्रवाहमा सबै नागरिकको सहजपहुँच, गुणस्तरीय सेवाप्रवाह, विकास प्रति नागरिकको अपनत्व ग्रहण र उत्तरदायी एवम् सुशासनको प्रत्याभूती गराउने ।

**गाउँपालिकाले वार्षिक योजनातथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरूलाई आधार लिइएको छः**

(क) नेपालको संविधान, २०७२
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(ग) पन्ध्रौं योजना
(घ) सघीय सरकार र प्रदेश सरकारको आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा बजेट
(ङ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
(च) स्थानीयतहको बार्षिक योजनातथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
(छ) माइजोगमाई गाउँपालिकाको आवधिक विकास योजना
(ज) नेपाल सरकार तथाप्रदेश सरकारबाट प्राप्त मार्गदर्शन
(झ) नेपाल सरकारले अन्तर्राष्ट्रिय मन्चमा प्रतिवद्धता गरेका दिगो विकासकालक्ष्यहरू
(ञ) राजश्व परामर्श समितिको प्रतिवेदन
(ट) बजेट सीमा निर्धारण समितिको निर्णय
(ठ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकको निर्णय
(ड) कार्यपालिका बैठकको निर्णय
(ड) गाउँसभा बैठकले पारित गरेको नीति तथा कार्यक्रम

**सभाध्यक्ष ज्यू**

अबम यस सभा समक्ष आगामीआ.व. २०८२/०८३ को लागि राजश्व र व्ययकोअनुमान
(बजेट) पेश गर्ने अनुमती चाहन्छुः

१. आगामि आर्थिक वर्ष २०८१।०८२ का लागि वडा गत, विषयगत शाखा, अन्य विविध कार्यक्रम तथा विभिन्न कोष तर्फ  तपशिल बमोजिमको बजेटको व्यवस्था गरीएको छ ।

| वडागत बजेट | | |
|---|---|---|
| वडानम्बर-१ | ४७५०००० | सरचालीस लाख पचास हजार रुपैंया |
| वडानम्बर-२ | ४७५०००० | सरचालीस लाख पचास हजार रुपैंया |
| वडानम्बर-३ | ४५००००० | पैंतालिस लाख रुपैंया |
| वडानम्बर-४ | ४५००००० | पैंतालिस लाख रुपैंया |
| वडानम्बर-५ | ५१००००० | एकाउन्न लाख रुपैंया |
| वडानम्बर-६ | ५१००००० | एकाउन्न लाख रुपैंया |
| जम्मा- | २८७००००० | दुई करोड सतासी लाख रुपैंया |
| विषयगत शाखातर्फ योजनाहरु | | |
| कृषीविकास शाखा | ४०००००० | चालीस लाख रुपैंया |
| पशुसेवा शाखा | ३०००००० | तीस लाख रुपैंया |
| शिक्षाशाखा | ४०००००० | चालीस लाख रुपैंया |
| स्वास्थ्यशाखा | ४५००००० | पैंतालिस लाख रुपैंया |
| सामाजिकविकास शाखा | ३०००००० | तीस लाख रुपैंया |
| न्यायीकसमिति | १५००००० | पन्ध्र लाख रुपैंया |

| | | |
|---|---|---|
| जम्मा | २००००००० | दुई करोड रुपैंया |
| विविध कार्यक्रम | | |
| सहकारीसंस्था व्यवस्थापन तथा सञ्चालन | ४००००० | चार लाख रुपैंया |
| खेलकुदतथा मनोरञ्जन | ४२००००० | बयालिस लाख रुपैंया |
| लक्षित वर्ग विकास कार्यक्रम (महिला, आदिवासीजनजाती, दलित, अपाङ्ग, युवा तथा जेष्ठ नागरीक) | २८००००० | अठ्ठाइस लाख रुपैंया |
| सूचनाप्रविधि | १५००००० | पन्ध्र लाख रुपैंया |
| वनवातावरण तथा विपद व्यवस्थापन | ६००००० | छ लाख रुपैंया |
| उपाध्यक्षसँग युवा उद्यमि | १५००००० | पन्ध्र लाख रुपैंया |
| | ११०००००० | |
| सेवा प्रवाह तथा सुशासन | | |
| खोरेत मुक्त कार्यक्रम | ८००००० | आठ लाख रुपैंया |

| | | |
|---|---|---|
| जनताविमा कार्यक्रम | १५००००० | पन्ध्र लाख रुपैंया |
| ऐन कार्यविधि नियमावलि निर्देशिका अभिलेखिकरण तथा विज्ञ परामर्श खर्च | २००००० | दुई लाख रुपैंया |
| दिर्घरोगीकालागि सोध भर्ना रकम | १०००००० | दस लाख रुपैंया |
| एकवडा एक उत्पादन | १५००००० | पन्ध्र लाख रुपैंया |
| | ५०००००० | पचास लाख रुपैंया |
| विविध कोष | | |
| समपूरककोष (प्रदेश,संघ, समपुरक र शसर्त अनुदान तर्फ) | २२०००००० | दुई करोड बीस लाख रुपैंया |
| प्रकोप व्यवस्थापन कोष | ४००००० | चार लाख रुपैंया |
| अन्तर पालिका साझेदारी कार्यक्रम/आयोजना | ६००००० | छ लाख रुपैंया |
| | २३०००००० | दुई करोड तीस लाख रुपैंया |

| | | |
|---|---|---|
| योजनाहरुः | | |
| गाउँपालिकास्तरीय योजनाहरु | २१६००००० | दुई करोड सोह्र लाख रुपैंया |
| जम्मा पूँजीगत तर्फ- | १०९६००००० | दस करोड छयान्नब्बे लाख रुपैंया |
| चालू तर्फ- (गाउँपालिका चालु+वडागत चालु) | ९४१७७९९१ | नौ करोड एकचालीस लाख सत्हत्तर हजार नौ सय एकान्नब्बे रुपैंया |

जम्मा गाउँपालिका तर्फ (क)-

चालु- ९४१७७९९१/-(नौ करोड एकचालीस लाख सत्हत्तर हजार नौ सय एकान्नब्बे रुपैंया मात्र)

पुँजिगत- १०९६००००० /- (दस करोड छयान्नब्बे लाख रुपैंया मात्र)

जम्मा रु २०३७७७९९१/-(बीस करोड सरतीस लाख सत्हत्तर हजार नौ सय एकान्नब्बे रुपैंया मात्र)

संघिय सशर्त बजेट तर्फ (ख)- रु २२३८००००० /- (बाइस करोड अरतीस लाख रुपैंया)

प्रदेश सशर्त बजेट तर्फ (ग)- रु ७४७३०००/- (चौहत्तर लाख त्रिहत्तर हजार रुपैंया)

संघिय समपुरक अनुदान (घ)- रु ६००००००/- (साठीलाख रुपैयाँ मात्र)

संघिय विशेष अनुदान (ङ)- रु ९००००००/- (नब्बे लाख रुपैयाँ मात्र)

प्रदेश समपुरक (च)- १२००००००/- (एक करोड बिस लाख रुपैयाँ मात्र)

जम्मा (क+ख+ग+घ+ङ+च)= ४६,२०,५०,९९१/- (छयालिस करोड बीस लाख पचास हजार नौ सय एकान्नब्बे रुपैंया)

२..आर्थिक विकास तर्फ रु ९७००००००/- (सन्तानब्बे लाख रुपैयाँ मात्र) ,पूर्वाधार विकास तर्फ रु ७२३००००० /-(सात करोड तेइस लाख रुपैयाँ मात्र), समाजिक विकास तर्फ रु १५७०००००/- (एक करोड सन्ताउन्न लाख रुपैयाँ मात्र), वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु १००००००/- (दश लाख रुपैयाँ), लक्षित वर्ग कार्यक्रम तर्फ रु.२४०००००/- (चौबिस लाख रुपैयाँ मात्र) सामान्य सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढीकरण तर्फ रु ९४१७७९९१/- (नौ करोड छ्यालिसस  लाख सत्तहतर हजार नौ सय एकानब्बे रुपैयाँ मात्र), अन्य विविध कार्यक्रम तर्फ रु ८३०००००/- (त्रीयासी लाख रुपैयाँ मात्र) गरी रु २०३७७७९९१/-

(बिस करोड एक्काउन्न लाख पचास हजार रुपैयाँ मात्र) बजेट बिनियोजन गरीएको छ ।

**संस्थागत विकास तथा सुशासन**

३. तोकिएको कार्य सम्पादन नगर्ने कर्मचारीलाई दण्डित गर्ने र राम्रो कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कार र सम्मान गर्ने व्यवस्था मिलाएको छु । प्रत्येकवर्ष **कर्मचारी पुरस्कार** गर्ने व्यवस्था मिलाएको छु । कर्मचारी पुरस्कार तर्फ सम्मानपत्र सहित रु. ५०००/- (पाँच हजार) दिने संस्थागत व्यवस्था मिलाएको छु ।

४. सबै वडा कार्यालयहरूमा सि.सि. क्यामरा/IP Phone(आइपी फोन), OLT (ओएल्टी) सहितको three layer networking system (थ्रि लेयर नेट्वर्किङ सिस्टम) सुरुवात गरीएको छ ।

५. महालेखा परीक्षकककको कार्यालयबाट भएको आर्थिक वर्ष २०८०/०८१तर्फको लेखा परीक्षण प्रतिवेदनले औंल्याइएको बेरुजुहरूलाई यकिनगरि तोकिएको समयमा बेरुजु फछ्र्यौटको व्यवस्था मिलाईने छ । वित्तीय सुशासन र पारदर्शीता कायम हुने गरि मात्र खर्च गर्ने व्यवस्थालाई कडाईका साथ पालना गरिने छ ।

६. घरवहाल कर प्रभावकारी रूपमा संकलन हुन नसकेको हुँदाघर वहाल कर संकलन कार्यविधि अनुसार स्व घोषणाको माध्यमबाट कर दाखिला गर्न आह्वान गरिनेछ । साथै घर वहाल कर संकलनको लागि स्थलगत रूपमा टोली खटाइने छ । सम्बन्धित घरधनीहरूबाट नियमानुसार व्यक्तिगततर्फ ५ प्रतिशत र संस्थागततर्फ १० प्रतिशत घरवहाल कर दाखिला गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

७. गाउँपालिका क्षेत्रमा रहेका व्यवसायहरूलाई दर्ता, नविकरण, वर्गीकरण, खारेजी दण्ड जरिवानालाई कानूनद्धारा नै एकरूपता ल्याउने गरि

**व्यवसाय कर सम्बन्धी कार्यविधि** तयार गरी सोहि कार्यविधिका आधारमा व्यवसाय कर असुली र व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ । व्यवसाय गर्ने सबै व्यवसायीहरूलाई अनिवार्य रूपमा दर्ता र समयमै नविकरण गर्न सूचना प्रवाह गरिनेछ आवश्यकता अनुसार करदाता शिक्षा, बजार अनुगमन जस्ता कार्यलाई उद्योग वाणिज्य संघ, बजार व्यवस्थापन समिति र टोल विकास समितिहरूको सहकार्यमा अगाडि बढाईने छ ।

८. सुशासन र सूचनाको हकलाई प्रत्याभूत गर्दै गाउँपालिका मार्फत् सञ्चालन गरिने **३ लाख** भन्दा माथिका हरेक आयोजनाको कार्य विवरण खुल्ने गरि आयोजना सूचना पाटी आयोजना स्थलमा राख्ने कार्यलाई अनिवार्य बनाइनेछ । आयोजना सूचना पाटी नराख्ने उपभोक्ता समिति र निर्माण व्यवसायिको भुक्तानी रोक्का गरिनेछ ।

९. उपभोक्ता समितिलाई पेश्कीदिने कार्य पूर्ण रूपमा बन्देज गरिएकोले सो लाई निरन्तरता दिइनेछ । सेवा प्रवाहमा कर्मचारीलाई कुनै पनि प्रकारको वहाना वा मोलाहिजा गर्न दिइने छैन । नागरिकहरूले तिरेको करलाई उच्च सम्मान गर्दै भ्रष्ट्राचारमा शुन्य शहनशीलता अपनाईनेछ ।

१०. सुशासन कायम गर्ने परिधिभित्र रहेका विभिन्न विषयगत समितिलाई सक्रिय, नियमित र चलायमान बनाउँदै समितिको प्रतिवेदन तथा सुझावका आधारमा अगाडि बढ्ने नीति गाउँपालिकाले अवलम्बन गर्ने छ । सूचनाको हक सम्बन्धी कानूनले प्रत्याभूत गरेका विषयहरूलाई गाउँपालिकाले सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकामा **सूचना केन्द्र**को स्थापना गरिने छ । उक्त केन्द्रमा पालिका भित्रका र स्थानीयतहसँग सम्बन्धित सबै प्रकारका सूचनाहरू उपलब्ध हेुन गरि सूचना बैंकको व्यवस्था मिलाईनेछ । वडास्तर र टोलविकास समितिहरूमा समेत विभिन्न सूचनाहरू वडा कार्यालय माफत् पुग्ने व्यवस्था मिलाइनेछ ।

११. गाउँपालिकाको सेवाप्रवाहलाई चुस्त, दुरुस्त, भरपर्दो र व्यवस्थित बनाउनका लागि आफ्नै प्रशासनिक भवनको तलाथप गर्नका लागि सम्बन्धित निकायमा बजेट माग गरिरएको छ।

१२. सभाध्यक्ष ज्यू

उल्लेखित सोच, लक्ष्य, उद्देश्य,प्राथमिकता र क्षेत्रगत नीतिहरू तथाकार्यक्रमहरू पूरा गर्नका लागिअव म आर्थिक वर्ष २०८२/०८३ को बजेट (आय-व्यय) विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

*कूल आय तर्फ* **रु ४६,२०,५०,९९१/-** (छयालिस करोड बीस लाख पचास हजार नौ सय एकान्नब्बे रुपैंया मात्र)

कूल व्यय तर्फ रु **४६,२०,५०,९९१/-** (छयालिस करोड बीस लाख पचास हजार नौ सय एकान्नब्बे रुपैंया मात्र)

**सभाध्यक्ष ज्यू,**

प्रस्तुत गरिएको आय व्यय विवरण भएको बजेट कार्यान्वयनका लागि माइजोगमाई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको **आर्थिक विधेयक २०८२** र स्थानीय सञ्चित कोषमा आय तथा खर्च गर्नका लागी बनेको **माइजोगमाई गाउँपालिकाको विनियोजन विधेयक २०८२** तथा सो सँग सम्बन्धित विभिन्न अनुसूचिहरू समेत स्वीकृतीको लागि यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नु हुने गाउँपालिका अध्यक्ष ज्यू, विभिन्न विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरू,गाउँसभाका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका सदस्य ज्यूहरू, राजनैतिक दलका सम्पूर्ण पदाधिकारी ज्यूहरू, सहकारी अभियान्ता ज्यूहरू, निजी क्षेत्रसँग सम्बन्धित सम्पूर्ण व्यत्तित्वहरू, सन्चार जगत, प्रमुख प्रशासकीय अधिकृत, शाखा

प्रमुखहरू लगायत सम्पूर्ण कर्मचारी साथीहरू साथै आआफ्नो ठाउँबाट आवश्यक सहयोग गर्नु हुने अन्य माइजोगमाई वासी दाजुभाई तथा दिदी बैनी प्रतिहार्दिक आभार प्रकट गर्दछु । धन्यवाद ।

प्रबिना राई
उपाध्यक्ष
एवम्
बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
मिति २०८२ असार १० गते मंगलबार